नेपाल नागरिक उड्डयन प्राधिकरण
गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,सिद्धार्थनगर, रुपन्देही
बोलपत्र आव्हानको सूचना ( सूचना न. कर्पो/ /०८०/८१)
(प्रकाशित मिति २०८०/१०/१६ )

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको आन्तरिक टर्मिनल तर्फको (हालको कार्गो भवन अगाडी) ५६२८ वर्गमीटर पार्किङ्ग क्षेत्रमा सवारी साधन विसान सेवा शुल्क उठाउने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका ईच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :-

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र राष्ट्रिय वाणिज्य बैंक, विशाल बजार शाखामा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणको राजश्व खाता हि.न. १०९०१०००६४९१७००१ मा मूल्य अभिबृद्धि कर समेत रु. ३३९०/-(अक्षरेपी तीन हजार तीन सय नब्बे मात्र) (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयको अर्थ शाखामा पेस गरी प्राप्त रसिद, (Tax Invoice) नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन कार्यालयको कर्पोरेट शाखामा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट २१ (एक्काईस) दिनको कार्यालय समयभित्र खरिद गरी २२ (बाइस) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु बाइसौं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र,करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व:घोषणापत्र पेस गर्नुपर्नेछ ।

४. सवारी साधन विसान शुल्क उठाउने सेवा सञ्चालनको ठेक्का अवधि १ (एक) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक रकम रु.२४,८२,०००।-(रु.चौबिस लाख बयासी हजार मात्र)।- मु.अ.क.समेत कायम गरिएको छ ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति,फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन । प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ ।

६. माथि उल्लेखित न्यूनतम ठेक रकम (स्वीकृत आय अनुमान) को कम्तिमा ५% ले हुने बोलपत्र जमानत वापतको रकम कार्यालयको हिमालयन बैंक लिमिटेड भैरहवा शाखामा रहेको धरौटी खाता न.२०९५४२५४३०००१२ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट शाखा, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,सिद्धार्थनगर,रुपन्देहीलाई सम्बोधन गरी कर्पोरेट शाखामा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको बेबसाइट https://gbia.caanepal.gov.np मा समेत उपलब्ध छ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।